# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७३) काठमाडौं, कार्तिक २० गते, २०८० साल (अतिरिक्ताङ्क ३७

## भाग ४

### नेपाल सरकार

### प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको

### सूचना १

माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री रमेश रिजाल चीनको साङ्घाईमा सञ्चालन हुने छैटौं चीन अन्तर्राष्ट्रिय आयात मेला (Sixth china International Expo) मा सहभागी हुन संवत् २०८० साल कार्तिक १७ गते त्यसतर्फ प्रस्थान गर्नु भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनु भएको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीले माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्री श्री मोहनबहादुर बस्नेतले सम्हाल्ने गरी तोक्नु भएकोले यो सूचना प्रकाशन गरिएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# सूचना २

माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री श्री अशोक कुमार राई फ्रान्सको पेरिसमा आयोजना हुने युनेस्कोको ४२ औं महासभामा सहभागी हुन संवत् २०८० साल कार्तिक २० गते त्यसतर्फ प्रस्थान गर्नु हुने भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाल्दै आउनु भएको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीले माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री डा. बेदुराम भुसालले सम्हाल्ने गरी तोक्नु भएकोले यो सूचना प्रकाशन गरिएको छ।

**आज्ञाले,**
**लीला देवी गडतौला (निरौला)**
**नेपाल सरकारको सचिव ।**

मुद्रण विभाग, सिंहदरबार



**मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.५।-**
**गो.हु.द.नं. १६।२०६२।६३**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।